तीनपाटन गाउँपालिकाको गाउँसभाको नियमित १८ औं (बजेट अधिवेशन) को पहिलो बैठक प्रारम्भ भएको घोषणा गर्दछु।

गाउँसभाका उपाध्यक्षज्यू,
गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,
सभाका सचिवज्यू,
उपस्थित कर्मचारीहरू।

नेपालको संविधान जारी भए पश्चात् सङ्घीय शासन प्रणाली लागू भई तीन तहको सरकारको व्यवस्था रहेको छ। संविधान एवं प्रचलित कानुनी व्यवस्था बमोजिम स्थानीय तहले प्रत्येक वर्षको असार १० गतेभित्र वार्षिक नीति तथा कार्यक्रम र बजेट गाउँसभामा प्रस्तुत गर्नुपर्छ। जसअनुसार आज हामी यो गरिमामय सभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट पेस गर्न लागेका छौं। मिति २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट तीनपाटन गाउँपालिका, सिन्धुलीको दोस्रो कार्यकालको जनप्रतिनिधिको रूपमा चुनिएर आएको अवधि पनि ४ बर्ष व्यतीत भई सकेको छ। हामी, यस सभामा उपस्थित सबै सदस्यलाई विश्वास गरेर जनप्रतिनिधिको रूपमा चुनेर पठाउनु हुने आम तीनपाटनबासी सम्पूर्णमा पुनः हार्दिक धन्यवाद दिन चाहन्छौं।

निर्वाचन मार्फत् चुनिएर आउने जनप्रतिनिधिको दायित्व नागरिकको इच्छा र सपनालाई पूरा गर्ने **हो। कसैलाई काखा, कसैलाई पाखा** नभनी विधि र पद्दतिले हामीले सेवा प्रदान गर्नुपर्ने हुन्छ। विधि पारित गर्ने दायित्व यस गरिमामय सभाको हो। समतामूलक समाज निर्माणका लागि हामीसँग भएका स्रोत/साधनको अधिकतम उपयोग र तिनको सदुपयोग गर्ने दायित्व हाम्रै हो। हामीले गर्ने निर्णय आम तीनपाटनबासी नागरिकका लागि लक्षित हुनुपर्छ भन्नेमा दुई मत छैन। शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, कृषि, रोजगारी सिर्जना र स्थानीय पूर्वाधारको विकासमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ। यी र यस्ता विषयको क्रमशः सम्बोधन गर्न उपलब्ध स्रोतसाधन समेतलाई तादाम्यता कायम गर्दै तीनपाटन गाउँपालिकाको गाउँ कार्यपालिकाले यस गरिमामय सभा समक्ष नीति तथा कार्यक्रम पेस गरेको छ।

प्रस्तुत नीति तथा कार्यक्रमले दिशा निर्देश गरे बमोजिम हामीले यहाँका नागरिकहरूलाई सेवा प्रवाह गर्नुपर्छ। त्यसका लागि आवश्यकता अनुसार कानून समेत बनाउनु पर्ने हुन्छ। आर्थिक तथा सामाजिक रूपले पछाडी परेका वर्ग र समुदायको सर्वोपरि हितका लागि हाम्रा अभियानहरू केन्द्रीत हुनुपर्छ। हाम्रा अभियानहरूको कार्यान्वयनमा इमानदारिताको आवश्यकता पर्छ। तपाईं हाम्रो इमानदारितामा नै सामाजिक न्याय कस्तो हुने भन्ने कुरा निर्भर रहन्छ। यसका लागि अब यो सभाको कार्यकाल करिब १ वर्ष मात्र बाँकी छ। राष्ट्रियस्तरमा आएको आर्थिक मन्दी र आन्तरिक परिवेशका कारण अपेक्षित राजस्व सङ्कलन हुन नसकेको विषय सर्व विदितै छ। नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानका रकमहरू आगामी आर्थिक वर्षका लागि घटेर आएका छन्। नागरिकका असीमित आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत साधनले भ्याएसम्म क्रमशः सम्बोधन गर्नु पनि हाम्रै दायित्व हो। यस विषयलाई समेत समावेश गरेर हामीले आउँदो वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरेका छौं। नीति तथा कार्यक्रम र बजेट सर्वसम्मत रूपमा पारित गरेर जानुपर्छ भन्दै आजको बैठकको काम कारबाही अघि बढाउँछु।

अब म सर्वप्रथम हाम्रो गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

# तीनपाटन गाउँपालिकाको आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम, २०८३

## आर्थिक विकास क्षेत्र

### कृषि विकास

१. परम्परागत र निर्वाहमुखी कृषि पेसामा आवद्ध गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यावसायिक र उद्यमशील कृषि प्रणालीतर्फ उत्प्रेरित गराउन साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ। यस कार्यक्रम मार्फत् देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछः

(क) बाह्रैमास खेतीयोग्य जमिनमा सिँचाइको उपलब्धता सुनिश्चित गर्न सिँचाई पाइप खरिद, जडान, इनार निर्माण गर्न कृषकहरुलाई साझेदारीका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ।

(ख) स्थानीय भूगोल सुहाउँदो व्यावसायिक कृषि पेसामा आवद्ध हुन चाहने कृषकहरुको खेतबारीमै कृषि प्राविधिकहरुको सहज पहुँच उपलब्ध हुने गरी ल्याब व्यवस्थापन सहित निःशुल्क माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(ग) गाउँपालिका क्षेत्रभित्रका कृषकको मागमा आधारित बिउ/बिजन र कृषि औजार/उपकरण साझेदारी कार्यक्रम मार्फत् वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइ अनुगमनको कार्यलाई प्रभावकारी बनाइनेछ।

(घ) सामुदायिक विद्यालय एवं सरकारी कार्यालयका खाली जमिनमा फलफूल तथा जडिबुटीजन्य विरुवा रोप्ने कार्य अघि बढाइनेछ। **'एक घर एक फलफूलको बिरुवा'** नीति अवलम्बन गरी कार्यान्वयन गरिनेछ।

(ङ) परम्परागत र निर्वाहमुखी कृषि पेसामा आश्रित गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यावसायिक कृषि उद्यममा आकर्षित गर्न **टोलटोलमा कृषि सेवा** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

(च) **साप्ताहिक/मासिक पशु हाट बजार**को व्यवस्था गाउँपालिका क्षेत्रभित्रै गर्नका लागि उपयुक्त स्थानको पहिचान गरी प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ भने **अन्य स-साना हाटबजार**लाई व्यवस्थित गरिनेछ।

(छ) पकेट क्षेत्रको विस्तारका लागि सम्भाव्य कृषि र पशु विकास क्षेत्रलाई विशेष जोड दिइनेछ।

(ज) कृषकहरूमा सचेतना अभिवृद्धि गरी कृषि बाली बीमा कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।

(झ) विपद् व्यवस्थापन र अन्नबालीमा लाग्ने महामारी रोग नियन्त्रणका लागि आवश्यक व्यवस्थापन गरिनेछ।

(ञ) कृषि उत्पादनको बजारीकरण र व्यावसायीकरणको लागि उपयुक्त स्थानमा सङ्कलन केन्द्रको व्यवस्था मिलाईनेछ।

२. गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य जमिनमा सिँचाई गर्नका लागि विगतदेखिनै सञ्चालनमा रहेका कुलो/पैनीको सामयिक मर्मतसम्भार गरी सिँचाईको क्षमता अभिवृद्धि गर्न आवश्यक रकम विनियोजन गरिनेछ। ठूलो लागत र स्तरीय प्रविधि मार्फत् सिँचाइ हुने क्षेत्रको पहिचान गर्दै त्यस्ता आयोजना पहिचान गरी नेपाल सरकार तथा प्रदेश सरकारसँग सिँचाइ सम्बन्धी आयोजना माग गरी कार्यान्वयनमा ल्याइनेछ।

३. कृषक लक्षित आयोजना तथा कार्यक्रममा वास्तविक कृषकहरुको पहुँच सुनिश्चित गर्न एवम् अनुदान वितरण प्रकृयामा निष्पक्षता र पारदर्शिता ल्याउन मापदण्ड तय गर्दै कृषि उत्पादन प्रणाली स्थापना र विकास गर्न किसान सूचीकरणको कार्यलाई निरन्तरता दिइनेछ।

४. जुनार सुपरजोन अन्तर्गत पर्ने वडा नं. ७ लाई विशेष क्षेत्रको रूपमा निरन्तरता दिइनेछ।

५. अदुवाजन्य मसलाबालीको उत्पादनलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

### पशुपन्छी विकास

६. नेपाल सरकारले पशुपन्छीको बीमा कार्यक्रममा दिँदै आएको बीमा अनुदानका विषयमा गाउँपालिका क्षेत्रभित्रका पशुपन्छी पालन गर्ने कृषकहरुलाई सुसूचित गरी बीमा कार्यक्रममा बढीभन्दा बढी कृषकहरुलाई आवद्ध समेत गर्ने उद्देश्यले बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. पशुहरूमा हुने आन्तरिक एवं बाह्य परजीवी, भाइरस/ब्याक्टेरिया तथा महामारीजन्य रोगको ल्याव परीक्षण र उपचारमा प्रयोग हुने औषधि वितरणमा किसानलाई सहुलियत प्रदान गरिनेछ।

८. कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिई दूध उत्पादनमा कृषकहरूलाई थप आकर्षित गर्न पाँचभन्दा बढी माउ गाई/भैंसी पाल्ने कृषकहरूसँगको साझेदारीमा गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. गाउँपालिका क्षेत्रभित्रका सबै वडाका उत्कृष्ट पशुपन्छी पालन गर्ने कृषकलाई **नगद रकम र प्रशंसा-पत्र**ले सम्मान गर्ने व्यवस्था ल्याइनेछ।

१०. सार्वजनिक विदा र कार्यालय समय बाहेकको समयमा समेत पशुपन्छी पालन गर्ने कृषकहरुलाई प्राविधिक सेवा उपलब्ध गराउने सोचका साथ **"टोल/टोलमै पशुपन्छी सेवा"** नामक कार्यक्रमलाई निरन्तरता दिईनेछ। यसका लागि पशुपन्छी शाखामा कार्यरत प्राविधिक जनशक्तिलाई त्यस्तो सेवा उपलब्ध गराए वापत् थप प्रोत्साहन दिने व्यवस्था मिलाइनेछ।

११. किसानहरूलाई स्वावलम्बी एवं स्वरोजगार उन्मुख बनाउन दुध उत्पादन तथा बिक्रीको आधारमा किसानलाई दिइँदै आएको प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ।

१२. सुत्केरी गाईभैंसी स्याहार कार्यक्रम तथा कृषकहरूलाई दिइँदै आएको हिउँदे तथा बहुवर्षिय घाँसको बीउ बिजन वितरण कार्यलाई निरन्तरता दिइनेछ।

<u>सहकारी र आन्तरिक आय</u>

१३. सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) को माध्यमबाट सहकारी क्षेत्रलाई नियमन र सहजीकरण गर्दै सुदृढीकरण गरिनेछ। साथै सहकारीको सिद्धान्त अनुसार सञ्चालनमा नरहेका एवं एकै प्रकृतिका सहकारीहरूलाई एक वडा एक सहकारी मर्ज अभियान सञ्चालनका लागि आवश्यक प्रकृया अगाडी बढाइनेछ।

१४. गाउँपालिका क्षेत्रभित्रका सहकारी संघ/संस्था, उद्योग/बाणिज्य संघ लगायतका निकायमा कार्यरत पदाधिकारीहरुलाई व्यावसायिक आचरणसँग सम्बन्धित विषय र विद्यमान पद्धतिप्रति अभ्यस्त गराउन सचेतनामूलक तालिम कार्यक्रमको आयोजना गरिनेछ।

१५. आम गाउँबासी करदाता र उद्योगी/व्यवसायीलाई समाहित गर्न गाउँपालिकाले निर्धारण गर्ने करको क्षेत्र, दर, दायरा लगायतका अधिकांश विषयवस्तुलाई समावेश गरी करदातामैत्री शिक्षा प्रवर्द्धनका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१६. गाउँपालिकाभित्र सबैभन्दा बढी कर तिर्ने संस्थागत, व्यक्तिगत लगायत विभिन्न विधामा करदाताहरुको पहिचान गरी त्यस्ता करदाताहरूलाई सम्मान गरिनेछन्।

<u>उद्यम, सीप र रोजगार</u>

१७. गाउँपालिकाभित्रको रोजगारीको अवस्था, श्रमिकको माग र आपूर्तिको अवस्था, आन्तरिक एवं बाह्य श्रमिकको तथ्याङ्क सङ्कलन, श्रम योग्य जनशक्तिको पहिचान एवं स्थानीय श्रोत तथा साधनको नक्साङ्कन गरिनेछ।

१८. स्थानीय तथा राष्ट्रिय आवश्यक्ता र श्रम बजारको माग अनुसारको रोजगारमूलक सीप विकास तालिम, अनौपचारिक क्षेत्रका अनुभवयुक्त तर प्रमाण नभएका श्रमिकहरुको सीपको औपचारिक मान्यता प्रदान गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ।

१९. गाउँपालिकाले विगतका आ.व. देखि विभिन्न तालिम दिइएका व्यक्तिहरुको खोज तथा पहिचान गरी अद्यावधिक गर्दै रोजगारीमा समावेश गर्ने कार्यक्रम ल्याइनेछ।

२०. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र प्रभावकारी बनाउन श्रम स्वीकृति, पुनः श्रम स्वीकृति र रोजगार सम्बन्धी परामर्श सेवाहरूलाई सहजीकरण गरिनेछ। यसका लागि रोजगार, सीप तथा उद्यमशीलता केन्द्रलाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गरी श्रम तथा रोजगार सम्बन्धी सेवालाई प्रभावकारी बनाइनेछ।

२१. विदेशमा रहेका नेपालीहरुको हकहित, सुरक्षा, उद्धार र आपूर्ति जस्ता कार्यलाई प्रभावकारी बनाउन अनलाइन कन्सुलर सेवा प्रणालीको पहुँच विस्तार गरी सहजीकरण गरिनेछ।

२२. वैदेशिक रोजगारमा रहेका श्रमिक तथा श्रमिकको परिवारलाई वित्तीय साक्षरता, पारिवारिक स्वास्थ्य, सन्तति छात्रवृत्ति, मनोपरामर्श जस्ता सेवाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

२३. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप, ज्ञान, पूँजी र प्रविधिलाई महत्तम उपयोग गरी उद्यमशीलता विकास मार्फत आन्तरिक रोजगार तथा स्वरोजगार विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

२४. बेरोजगार युवाहरूलाई लक्षित गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ। परम्परागत पेशा तथा सीपको प्रवर्द्धन गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायको रोजगारीको लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

२५. सामुदायिक विद्यालयको व्यवस्थापनको लागि तह मिलान, मर्ज र दरबन्दी मिलान गरिने कार्यलाई निरन्तरता दिइनेछ।

२६. यस गाउँपालिकाभित्र सञ्चालनमा रहेको विद्यालयहरुमा स्काउट कार्यक्रम, शैक्षिक प्रदर्शनी कार्यक्रम (विज्ञान र गणित) र विद्युतीय उपकरण नपुगेको विद्यालयहरूमा कम्प्युटर/प्रिन्टर वितरण गरी विद्यालयलाई प्रविधिमैत्री बनाइनेछ।

२७. तीनपाटन गाउँपालिकाको स्वयंसेवी युवा, बाल क्लब तथा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरु परिचालन गरी आ.व.२०८३/०८४ सम्म बालमैत्री तथा पोषणमैत्री गाउँपालिकाको रुपमा घोषणा गरिनेछ। उक्त कार्यका लागि आवश्यक बजेट विनियोजन गर्ने साथै संघीय तथा प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, गैर सरकारी संस्थासँग आवश्यक समन्वय सहकार्य गरिनेछ ।

२८. सामुदायिक विद्यालयको गुणस्तरप्रति आम समुदायको खस्कदों धारणामा क्रमशः सकारात्मक परिवर्तन ल्याउन गत आ.व.बाट कार्यान्वयनमा ल्याइएको **"प्राविधिक विधामा रोजगारी, तीनपाटनका छोराछोरी"** नामक कार्यक्रमलाई आगामी आ.व.मा समेत निरन्तरता दिइनेछ। गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयबाट एस.इ.इ. परीक्षा उत्तीर्ण गरी गाउँपालिकाले तोकेको शिक्षण संस्थाबाट लिइने प्रवेश परीक्षामा उच्चतम स्कोर प्राप्त गर्ने वडाभित्रका एक/एकजना विद्यार्थीलाई प्राविधिक विधामा ३ वर्षे अध्ययन छात्रवृत्ति उपलब्ध गराई अध्ययन सम्पन्न भए पश्चात् कम्तीमा एक वर्ष सम्बन्धित वडामै रही कार्य गर्ने व्यवस्थालाई संस्थागत गरी निरन्तरता दिइनेछ।

२९. यस गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि न्यून सिकाइ उपलब्धि भएका विषयहरुमा अतिरिक्त कक्षाको व्यवस्था गरिने कार्यलाई निरन्तरता दिइनेछ।

३०. गाउँपालिका क्षेत्रभित्रका दलित समुदायभित्रका छोरी तथा बुहारीहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न **"परिवारको इच्छा, छोरी, बुहारीलाई शिक्षा"** नामक कार्यक्रम निरन्तरता ल्याइनेछ। यस कार्यक्रमबाट गाउँपालिका क्षेत्रभित्रका क्याम्पसमा स्नातक वा सोभन्दा माथि उच्च शिक्षाका लागि भर्ना हुने दलित समुदायका छोरी बुहारीहरुको भर्ना शुल्क र मासिक शुल्क गाउँपालिकाबाटै व्यहोरिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

३१. बालमैत्री वडा घोषणा भएको वडाभित्रको कुनै एक सामुदायिक विद्यालयमा बालमैत्री शिक्षण सामग्रीको व्यवस्था गरी **मन्टेश्वरी विधि मार्फत्** पठनपाठन प्रकृयालाई पाइलट प्रोजेक्टको रुपमा निरन्तरता दिइनेछ।

३२. प्रत्येक वर्षको आधारभूत तहको कक्षा ८ परीक्षामा गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा प्रारम्भिक तह देखि नै अध्ययन गरी सर्वोत्कृष्ट नतिजा ल्याउने एक/एक जना छात्र र छात्रालाई एक/एक थान ल्यापटप तथा नगद पुरस्कार दिइनेछ।

३३. नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको संगठनात्मक व्यवस्था, काम, कर्तव्य, अधिकार, भूमिका र जिम्मेवारीका विषयमा विद्यालय तहबाटै आम विद्यार्थीहरुलाई अभ्यस्त गराउँदैं संघीयतालाई थप संस्थागत गर्ने आधार तय गर्न अन्तर-विद्यालय स्तरीय **अतिरिक्त क्रियाकलाप** सञ्चालन गरिनेछ।

३४. शिक्षा समिति, सामुदायिक विद्यालयका शिक्षक/कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लगायतका सरोकारवाला व्यक्तिहरूलाई सूचना प्रविधि, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS), एकीकृत पाठ्यक्रम, नेतृत्व विकास तथा लेखा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरी क्षमता विकास गरिनेछ।

३५. गाउँपालिका क्षेत्रभित्रका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी एवम् शिक्षकका सन्ततीहरुलाई सामुदायिक विद्यालयमा नै अध्ययन गराउने व्यवस्थाका लागि प्रोत्साहित गरिनेछ।

३६. गाउँपालिका क्षेत्रभित्रको स्थानीयतासँग सम्बन्धित यावत् विषयवस्तुहरुलाई विद्यालयस्तरको पाठ्यक्रममै समावेश गरी विद्यार्थीहरुलाई निरन्तर अध्ययनको वातावरण मिलाउन निर्मित **स्थानीय पाठ्यक्रम**लाई समसामयिक परिमार्जन गर्दै **तीनपाटनको सेरोफेरो** नामक स्थानीय स्रोत पुस्तक निर्माण गरी सम्बन्धित सबै विद्यार्थीलाई निःशुल्क वितरणको व्यवस्था मिलाइनेछ।

३७. सामुदायिक विद्यालयबाट समेत क्रमशः पोषणमैत्री एवम् बालमैत्री गाउँपालिका स्थापना गर्न विगत आ.व.बाट सञ्चालनमा ल्याइएको **"विद्यालयमा आमा"** नामक कार्यक्रमलाई आगामी आ.व मा निरन्तरता दिइनेछ।

३८. "माध्यमिक तहमा पढ्दै सिक्दै कार्यक्रम" नमुनाको रुपमा सुरुवात गरिनेछ।

३९. सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूलाई आत्मरक्षा तालिमको प्रवर्द्धन नमुनाको रूपमा अगाडी बढाइनेछ।

४०. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि विद्यार्थीहरूलाई **होमवर्क डायरी** र शिक्षकहरूका लागि **शिक्षक योजना डायरी** तयार गरी निःशुल्क वितरणको व्यवस्था गरिनेछ।

४१. तीनपाटन गाउँपालिकास्तरीय विषयगत शिक्षकहरूको सिकाई सञ्जाल निर्माण गरी विषयगत शिक्षणमा एकरूपता कायम गरिनेछ।

**स्वास्थ्य**

४२. पोषणमैत्री स्थानीय तह घोषणाका लागि स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, पोषण फोकल पर्सन, पोषण सहजकर्ता एवं महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्ने र क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ। थप काम वापत थप सुविधाको व्यवस्था गरिनेछ।

४३. एम्बुलेन्स सेवालाई अझ बढी सहज, सरल र पहुँच योग्य बनाइ नागरिकको स्वास्थ्य सेवा पाउने हकलाई सुनिश्चित गरिनेछ। १५ शैय्याको तीनपाटन नगर अस्पताल पूर्ण रूपमा सञ्चालन गर्न स्रोतको व्यवस्थापन गरिनेछ।

४४. गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थामा प्रसूति हुन नसकी अन्यत्र अस्पतालमा रिफर गरिने गर्भवती महिला, बाढी/पहिरो, चट्याङ, सडक दुर्घटना जस्ता प्राकृतिक/गैर प्राकृतिक प्रकोपबाट घाइते भई अन्यत्र रिफर गरिने स्थानीयबासी, सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका ज्येष्ठ नागरिक, रातो र नीलो रङ्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्ति र सहिद तथा वेपत्ता पारिएका व्यक्तिको एकासगोलका परिवारलाई **एम्बुलेन्स सेवा निःशुल्क दिने कार्यलाई निरन्तरता** गरिनेछ।

४५. **"स्वस्थ आमा, स्वस्थ बच्चा"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियान कार्यान्वयन गर्न गर्भवती भएको १३ हप्तादेखी सुत्केरी भएको ६ हप्तासम्मका सम्पूर्ण गर्भवती एवम् सुत्केरी महिलाहरुलाई सम्बन्धित स्वास्थ्य संस्था मार्फत नै **निःशुल्क क्याल्सियम चक्की वितरण**को व्यवस्था मिलाइनेछ।

४६. सामुदायिक स्वास्थ्य बीमा कार्यक्रममा आम गाउँबासी विपन्न नागरिकहरुलाई आवद्ध गर्न त्यस्ता नागरिकहरुलाई बीमा शुल्कको पचास प्रतिशत रकम अनुदानस्वरुप उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। साथै, मानसिक रोगी भएका घरपरिवारको सम्पूर्ण सदस्यहरुको नि.शुल्क स्वास्थ्य वीमा गरिनेछ।

४७. **"निरोगी तीनपाटन, हाम्रो अभियान"** सञ्चालनमा ल्याइनेछ। यसका लागि क्यान्सर, मृगौलाको डायलासिस, मुटु रोगी, प्यारालाइसिस जस्ता गम्भीर प्रकृतिका रोग लागि घरमै बसी औषधि सेवन गरिरहेका विरामी नागरिक लगायतका सम्पूर्ण नागरिकहरूलाई प्रत्येक महिना टोलमै गई अनिवार्य स्वास्थ्य परीक्षण गरी आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न **"टोल टोलमा स्वास्थ्यकर्मी निरोगी तीनपाटनबासी"** कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ। **"म स्वस्थ मेरो समुदाय स्वस्थ"** घरटोल कार्यक्रम सम्बन्धित वडाको स्वास्थ्य संस्था मार्फत संचालन तथा परिचालन गरिनेछ।

४८. नसर्ने रोग विरुद्ध जनचेतनामूलक कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। मानसिक स्वास्थ्य सम्बन्धी शिविर तथा विशेष कक्षाहरू सञ्चालनमा ल्याइनेछन्।

४९. सबै वडामा आयुर्वेदको पहुँच पुऱ्याउन नागरिक आरोग्य समूह गठन गरी स्तनपायी आमाहरूका लागि दुग्धवर्धक आयुर्वेदिक औषधी वितरणलाई प्रभावकारी बनाइनेछ।

**समावेशिता प्रवर्द्धन र सामाजिक सुरक्षा**

**५०.** गाउँपालिका क्षेत्रभित्रका बालबालिकाहरूलाई समग्र शासकीय प्रणालीमा क्रमशः अभ्यस्त गराउँदैं विभिन्न विधामा अन्तरनिहित प्रतिभाको उजागर समेत गर्न सबै वडाका बाल क्लब गठन, पुनर्गठन एवं क्षमता अभिवृद्धि गरिनेछ।

**५१.** महिला, दलित, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, आदिबासी/जनजाति, मधेसी, लगायत समावेशी समुहमा पर्ने विभिन्न वर्ग तथा समुदायलाई लक्षित गरी सचेतनामूलक तालिमका साथसाथै विभिन्न विधाका सीपमूलक कार्यक्रमहरु क्रमशः सञ्चालनमा ल्याइनेछ।

**५२.** गाउँपालिका क्षेत्रभित्रका युवा लगायत सरोकारवालाहरुलाई लक्षित गरी लागू औषध दुव्यर्सन, मानव वेचविखन विरुद्धका सचेतनामूलक कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ।

**खानेपानी र सरसफाई**

**५३.** पानी नै जीवन हो। यो साश्वत् तथ्यलाई हृदयङ्गम गर्दै गाउँपालिका क्षेत्रभित्रका पानीका मुहानहरुको संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी त्यस्ता स्थानमा डोजर प्रयोगमा पूर्णरुपमा बन्देज लगाउँदैं वृक्षारोपण अभियान सञ्चालनमा ल्याई डढेलो नियन्त्रणलाई स्थानीय ऐन बनाई कार्यान्वयन गरिनेछ।

**५४.** छिमेकी स्थानीय तहहरुसँग समेतको साझेदारीमा गाउँपालिका क्षेत्रभित्रबाट उत्पत्ति हुने नकुहिने फोहोरको प्रशोधन गरी त्यसको यथोचित व्यवस्थापन गर्न **डम्पिङ साइट** स्थापना गर्ने प्रक्रिया अघि बढाइनेछ।

**५५.** अत्यधिक आवागमन हुने सार्वजनिक स्थलहरुको पहिचान गर्दै त्यस्ता स्थानहरुमा प्रत्येक आर्थिक वर्ष कम्तीमा एउटा सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण गर्दै जाने व्यवस्था मिलाइनेछ।

**खेलकुद**

**५६. स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद** भन्ने नाराका साथ गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको माध्यमिक विद्यालयहरुको सहभागितामा अन्तर-माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको साथै माध्यमिक तहसम्म नियमित अध्ययनरत विद्यार्थीहरुको सीप परीक्षण तथा बहुप्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ। साथै, पालिका भित्र खेलिने भलिबल, फुटबल, ब्याडमिन्टन जस्ता विभिन्न विधाका खेलकुदलाई क्रमशः सम्बोधन गर्दै जाने ध्येयका साथ **तीनपाटन गाउँपालिकाको आयोजनामा वडा स्तरीय, पालिका स्तरीय तथा प्रादेशिक स्तरको अन्तरपालिका स्तरीय** खेल प्रतियोगिताहरु आयोजना गर्दै लगिनेछ। विभिन्न विधाका खेलकुदमा गाउँपालिकाको प्रतिनिधित्व गर्दै अन्यत्र स्थानमा प्रतिनिधित्व गर्ने खेलाडीहरुलाई खेलकुद कार्यमा भाग लिन आवश्यक सहजीकरण तथा सेवा सुविधाको लागि बजेटको प्रबन्ध गरिनेछ।

**५७.** प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलकुदका माध्यमबाट पहिचान स्थापित गरेका गाउँपालिका क्षेत्रभित्रका विभिन्न विधाका खेलाडीहरुलाई **सम्मान** गरिनेछ।

**पूर्वाधार विकास क्षेत्र**

**५८.** निर्माणाधीन एवं नयाँ निर्माण हुने सरकारी भवनहरूलाई अपाङ्गमैत्री तथा बालमैत्री बनाइनेछन्। विद्यमान भवनहरूलाई क्रमशः अपाङ्गमैत्री तथा बालमैत्री बनाईंदै लगिनेछन्।

**५९.** गाउँपालिकाको आफ्नै स्रोत एवम् नेपाल सरकार तथा प्रदेश सरकारको विभिन्न अनुदान एवम् कार्यक्रम मार्फत् गाउँपालिका क्षेत्रभित्र गत/विगत आर्थिक वर्षदेखि क्रमागत निर्माण ठेक्का बन्दोबस्त भएका एवम् आर्थिक वर्ष २०८२।०८३ मा सम्पन्न भई भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमहरुको फरफारकका लागि आवश्यक रकम विनियोजन गरिनेछ।

६०. एक वडा र अर्को वडाको सडकहरु जोड्न, एउटा बस्ती र अर्को गाउँ र बस्तीहरुमा रहेका सडकहरु जोड्न पक्की पुलहरुको सम्भाव्यता अध्ययन गरिनेछ। साथै, आवश्यक डि.पि.आर. तयार गरिनेछ।

६१. बाँकी आधारभूत विद्यालय र स्वास्थ्य संस्थाहरूमा न्यूनतम पूर्वाधारहरूको आधारमा विद्युतीय हाजिरी एवं सि.सि.टि.भि जडान गरिनेछ।

६२. गाउँपालिका क्षेत्रभित्रका सडक, पुल/पुलेसा, सार्वजनिक मठ/मन्दिर/चर्च/गुम्बा लगायतका अन्य सार्वजनिक एवम् सरकारी संरचनाहरुको आवश्यकता अनुसार मर्मत सम्भार गर्न **मर्मत सम्भार कोष**मा आवश्यक रकम विनियोजन गरिनेछ। सो कोषको निष्पक्ष र पारदर्शी परिचालनका लागि उपयुक्त पद्धति समेत निर्धारण गरिनेछ।

६३. नेपाल सरकार/प्रदेश सरकार/अन्य स्थानीय तह एवम् दातृ निकायसँगको साझेदारीमा सञ्चालन हुने पूर्वाधारजन्य आयोजना एवम् कार्यक्रममा गाउँपालिकाको तर्फबाट आवश्यक साझेदारी र सहकार्य गर्न समपूरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

६४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भए पश्चात् प्रत्येक स्थानीय तहभित्र निर्माण हुने भवनको अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्था लागू भएको छ। उक्त ऐन लागू हुनुभन्दा अघि पनि गाउँपालिका क्षेत्रभित्र पक्की संरचनाका भवनहरु निर्माण सम्पन्न भइसकेका छन्। भवनको नक्सा पास गर्ने व्यवस्था विगतका दिनमा बाध्यकारी नभएको र त्यस अवस्थामा भवन निर्माण गर्ने स्थानीयबासीहरुले हालका दिनमा बैंकिङ एवम् अन्य प्रयोजनका कारोबार गर्दा गाउँपालिकाबाट भवनको नक्सा पासको प्रमाणपत्र पेश गर्नुपर्ने बाध्यता रहेको भनी जनगुनासो आएको हुँदा राष्ट्रिय/प्रादेशिक एवम् स्थानीय सडक सम्बन्धी मापदण्डमा प्रतिकूल असर नपर्ने गरी विगतका दिनमा त्यसरी निर्माण सम्पन्न भएका भवनहरुको **अभिलेख प्रयोजनका लागि नक्सा पास नियमित गर्ने** व्यवस्था मिलाइनेछ।

६५. गाउँपालिका क्षेत्रभित्र नयाँ निर्माण हुने भवनहरुको मापदण्ड बमोजिमको प्रस्तावित नक्सा निर्माण गरी गाउँपालिकामा पेश गर्ने दायित्व भवन धनीहरु स्वयंको हुने एवम् प्रस्तावित नक्सा मापदण्ड बमोजिमको भए/नभएको चेकजाँच गर्ने दायित्व गाउँपालिकाको घर/नक्सा पास शाखाको हुने र मापदण्ड बमोजिमको नक्सा भए नियमानुसार नक्सा पासको प्रक्रियाअघि बढ्ने व्यवस्था छ।

६६. गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद लगायतका निकायको भौतिक सम्पतिको संरक्षण गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

६७. गाउँपालिका क्षेत्रभित्र विद्युत विस्तार गर्न बाँकी रहेका वडाभित्रका बस्तीहरुमा विद्युतको पहुँच स्थापित गर्न नेपाल विद्युत प्राधिकरण लगायत अन्य सरोकारवाला निकायहरुमा आवश्यक समन्वय र सहकार्य गर्दै लगिनेछ।

६८. सार्वजनिक स्थानमा अनाधिकृत रुपमा भवन टहरा निर्माण तथा सडकमा निर्माण सामाग्री थुपार्ने कार्य गर्ने तथा सञ्चालनमा आइरहेका सडकलाई स्थानान्तरण गर्ने कार्यलाई रोक्न स्थानीय कानून बनाई कडाईका साथ लागु गरिनेछ।

६९. गाउँपालिका भित्र गृहिणीहरुले खाना पकाउने उर्जाको रुपमा प्रयोग गर्दै आएको इन्धनको परम्परागत श्रोत दाउरा तथा गुईठाबाट स्वास्थ्य तथा वातावरणमा पर्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्न सुधारिएको चुलो कार्यक्रम सञ्चालन गरिनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

७०. गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट हुनसक्ने सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि प्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ।

७१. प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपका समयमा सरोकारवाला सबैको साथ/सहयोगले मात्र प्रकोप व्यवस्थापन गर्न सकिन्छ भन्ने तथ्यलाई मध्यनजर गर्दै गाउँपालिका क्षेत्रभित्रका **सबै वडाबाट आवश्यक संख्यामा युवाहरुलाई समावेश गरी प्रकोप व्यवस्थापनसँग आधारभूत तालिम प्रदान गरिनेछ** र त्यस्ता तालिम प्राप्त युवा जनशक्तिलाई प्रकोपका समयमा उद्धारका लागि विशेष परिचालन गर्ने गरी सूचीकृत गरी राख्ने व्यवस्था मिलाइनेछ।

७२. गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा भैरहेको भुक्षय रोकथाम एवम् पर्यावरण संरक्षणका लागि सम्भावित स्थलहरुमा स्थानीय गैरसरकारी संघ/संस्थाहरुसँगको साझेदारीमा बृक्षारोपण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

७३. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र सो कार्ययोजना बमोजिम वन पैदावर विक्री गरी प्राप्त हुने आम्दानीको दश प्रतिशत रकम गाउँपालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने भनी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख. मा भएको व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

७४. स्थानीय आकस्मिक कक्ष सञ्चालन केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइनेछ। उक्त कार्यका लागि आवश्यक कानून र स्रोत व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

<u>संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र</u>

७५. विकास निर्माण र सेवा प्रवाहको विषयमा निवर्तमान एवं विद्यमान जनप्रतिनिधिहरुले आफ्नो कार्यकालमा भोगेका महत्वपूर्ण कार्य/अनुभवहरु समेटी उक्त कार्य/अनुभवलाई गाउँपालिकाको स्थायी सम्पत्तिको रुपमा संस्थागत गर्न **कृति** प्रकाशन गरिनेछ।

७६. प्रदेश लोकसेवा आयोगबाट विभिन्न पदमा नियुक्ति लिइ यस गाउँपालिकामा पदस्थापन भएका प्राविधिक र अप्राविधिक कर्मचारीहरूलाई आवश्यक्ता हेरी सेवाकालिन एवम् क्षमता विकासका तालिमहरू सञ्चालन गरिनेछन्।

७७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको न्यायिक समिति, प्रत्येक वडाका मेलमिलाप केन्द्रमा आवद्ध पदाधिकारी, कर्मचारी लगायत सरोकारवालाको क्षमता अभिवृद्धि हुने किसिमका क्षमतामूलक तालिम र सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७८. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था तथा नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष्य तथा सौहौं योजनाले निर्देश गरे बमोजिम मानव जीवनचक्रमा पोषण विशेष तथा संवेदनशील सेवाको उपलब्धता, गूणस्तर सुधार तथा समतामूलक पहुँच र उपयोगको सुनिश्चितता गर्न लक्षित कार्यक्रम कार्यान्वियन गरी पोषणमैत्री स्थानीय शासनको प्रवर्धन गरिनेछ।

७९. गाउँपालिका क्षेत्रभित्र क्रियाशील सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको वार्षिक योजना, कार्यक्रम तथा बजेट गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश एवं साझेदारी गराउने नीति अवलम्बन गरिनेछ। बजेट तथा कार्यक्रममा समावेश नगराई कार्यक्रम सञ्चालन गर्न खोज्ने सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको कार्यक्रम सञ्चालनमा रोकसम्म लगाउन सकिने व्यवस्था अख्तियार गरिनेछ।

८०. गाउँपालिकाको अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवश्यक पर्ने आवधिक तथा रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना निर्माणको प्रक्रिया अघि बढाइनेछ।

८१. गाउँपालिका आफूले मात्र सञ्चालन गरिरहेको वा भविष्यमा गर्नुपर्ने कुनै कार्य वा विषय छिमेकी स्थानीय तहसँगको **साझेदारी वा सम्झौता वा संयुक्त व्यवस्थापन**मा गर्दा लागत न्यूनीकरण वा स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह हुन्छ भन्ने लागेमा त्यस्तो कार्य वा विषयको पहिचान गरी उपरोक्त विधि बमोजिम गर्न आवश्यक प्रक्रिया अघि बढाइनेछ।

८२. समग्र गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ** जस्ता कार्यक्रम गाउँपालिका तथा वडा कार्यालय तथा अन्य सार्वजनिक निकायबाट नियमित र निरन्तर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

८३. आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा गाउँपालिकाबाट जारी भएका ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिलाई गाउँपालिकाको वेभसाइटबाट समेत सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

८४. गाउँपालिका क्षेत्रभित्रका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुमध्येबाट वर्षभरिमा उत्कृष्ट र रचनात्मक कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई रूपमा पुरस्कृत गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ।

८५. गाउँपालिका क्षेत्रभित्र सुकुम्बासी समस्या समाधानका लागि चालिएको कदमलाई छिटोभन्दा छिटो सम्पन्न गर्नका लागि जग्गा नापजाँच कार्यमा खटिने प्राविधिक जनशक्तिलाई आधुनिक औजार/उपकरण सहित कार्यालय समय बाहेकको समय र सार्वजनिक विदाका दिनमा समेत परिचालन गरिने र यसरी परिचालित हुने जनशक्तिलाई थप प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

८६. गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकासमा बढीभन्दा बढी स्थानीयबासीको सहभागिता सुनिश्चित गराउँदैं विकासप्रति अपनत्वको भाव जगाउने सोचका साथ प्रत्येक वडामा समावेशिता समेतलाई प्रवर्द्धन गर्दै टोल विकास संस्था गठन तथा परिचालन गर्ने नीतिगत व्यवस्था मिलाइनेछ। यसका लागि भौगोलिक विकटता समेतलाई मध्यनजर गर्दै तोकिए बमोजिमको घर/परिवार बराबरको एउटा टोल बनाई प्रत्येक घरधुरी स्वतः टोलको साधारण सदस्य हुने व्यवस्था मिलाइनेछ। जन/लागत सहभागिता मार्फत् सञ्चालन हुने आयोजना तथा कार्यक्रममा जन/लागत सहभागिताको अंशलाई कम्तीमा **पन्ध्र प्रतिशत** कायम गरी सोही बमोजिम मात्र आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

८७. गत/विगत आर्थिक वर्षहरूमा महालेखापरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नुपर्ने, असुल उपर गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने लगायतका बेरुजु फर्छ्यौट गर्ने प्रक्रिया अघि बढाइनेछ। वित्तीय सुशासनको मुख्य सूचक शुन्य बेरुजु रहेको तथ्यलाई स्वीकार गर्दै सम्वद्ध पक्षलाई सूचित गरिने र तोकिएको समयावधीमा बेरुजु फर्छ्यौट नगर्नेको विवरण सार्वजनिक गर्ने सम्मको व्यवस्था मिलाइनेछ।

८८. बेरुजु फर्छ्यौटका लागि पुरानो श्रेस्ताको खोजी, संकलन, तहकीकरण, बर्गीकरण, अभिलेखीकरण लगायतका कार्यहरु गर्न कार्ययोजना निर्माण गरिनेछ। उक्त कार्यका लागि अन्तरिक जनशक्ति परिचालन गरिनेछ। उक्त कार्यमा खटिने पदाधिकारी र जनशक्तिलाई अतिरिक्त समयमा काम गरेबापत प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ। साथै आवश्यक बजेट विनियोजन गरिनेछ।

८९. उल्लिखित नीति तथा कार्यक्रमदेखि बाहेक गत/विगत आर्थिक वर्षहरुमा गाउँ सभाद्वारा पारित भएका नीति तथा कार्यक्रमको समेत उपलब्ध स्रोतसाधनका आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

धन्यवाद। जय तीनपाटन।

**(कर्ण बहादुर मगर)**

**अध्यक्ष**

**तीनपाटन गाउँपालिका, सिन्धुली।**

**मितिः २०८३।०३।१० गते**

# तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को अनुमानित कुल आय-व्यय विवरण

## कुल आय अनुमान तर्फः

### क) गाउँपालिकाको आफ्नै निर्णयले परिचालन गर्ने आय तर्फः

| सि.न. | आय शीर्षक | प्राप्तिको श्रोत | अनुमानित रकम (रु.) | |
|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार समानिकरण अनुदान | १२३१०००००० | बाह्र करोड एकतीस लाख |
| २ | प्रदेश सरकार | प्रदेश सरकार समानिकरण अनुदान | १०७४०००० | एक करोड सात लाख चालीस हजार |
| ३ | राजश्व बाडँफाँड | राजश्व बाँडफाँड - संघ | १२४७१०००० | बाह्र करोड सर्चालीस लाख दस हजार |
| ४ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड - प्रदेश | ४९६३२६६० | चार करोड छयानब्बे लाख बत्तीस हजार छ सय साठ्ठी |
| ५ | राजश्व बाडँफाँड | राजश्व बाडँफाडँ स्थानीय | १०००००००० | एक करोड |
| ६ | आन्तरिक श्रोत | आन्तरिक आय (राजश्व) | २५०००००० | दुई करोड पचास लाख |
| ७ | अल्या | बैंक मौज्दात | ० | |
| | **जम्मा (क)** | | **३४३१८२६६०** | चौतीस करोड एकतीस लाख बयासी हजार छ सय साठी |

### ख) नेपाल/प्रदेश सरकारबाट प्राप्त हुने आय तर्फः

| सि.न. | आय शीर्षक | प्राप्तिको श्रोत | अनुमानित रकम (रु.) | |
|---|---|---|---|---|
| १ | सशर्त अनुदान | नेपाल सरकार | ४१०७००००० | एकचालीस करोड सात लाख |
| २ | विशेष अनुदान | नेपाल सरकार | १०००००००० | एक करोड |
| ३ | समपुरक अनुदान | नेपाल सरकार | ३०००००० | तीस लाख |
| ४ | सशर्त अनुदान | प्रदेश सरकार | १४९९९००० | एक करोड उन्चास लाख उनान्सय हजार |
| ५ | समपुरक अनुदान | प्रदेश सरकार | १८०००००० | एक करोड असी लाख |
| ६ | विशेष अनुदान | प्रदेश सरकार | ७०००००० | सत्तरी लाख |
| | **जम्मा (ख)** | | **४६३६९९०००** | छयालीस करोड छत्तीस लाख उनान्सय हजार |
| | **कूल जम्मा आय(क+ख)** | | **८०६८८१६६०** | असी करोड अर्सठ्ठी लाख एकासी हजार छ सय साठी |

## कुल व्यय अनुमान तर्फः

क) गाउँपालिकाको आफ्नै निर्णयले परिचालन गर्ने व्यय तर्फः

| सि.न. | व्यय शीर्षक | अनुमानित रकम (रु.) | कैफियत | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६१७७२८७८.८ | | छ करोड सत्र लाख बहत्तर हजार आठ सय अठहत्तर पैसा असी |
| २ | सामाजिक विकास | ८२३६३८३८.४ | | आठ करोड तेइस लाख त्रिसठ्ठी हजार आठ सय अर्तिस पैसा चालीस |
| ३ | पूर्वाधार विकास | ७८९३२०११.८ | | सात करोड उनन्नब्बे लाख बत्तीस हजार एघार पैसा असी |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६८६३६५३.२ | | अर्सठ्ठी लाख त्रिसठ्ठी हजार छ यस त्रिपन्न पैसा बीस |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ११३२५०२७७.८ | | एघार करोड बत्तीस लाख पचास हजार दुई सय सतहत्तर पैसा असी |
| | **जम्मा (क)** | **३४३१८२६६०** | | **चौतीस करोड एकतीस लाख बयासी हजार छ सय साठी** |

ख) नेपाल/प्रदेश सरकारबाट प्राप्त हुने व्यय तर्फः

| सि.न. | आय शीर्षक | प्राप्तिको श्रोत | अनुमानित रकम (रु.) | |
|---|---|---|---|---|
| १ | सशर्त अनुदान | नेपाल सरकार | ४१०७००००० | एकचालीस करोड सात लाख |
| २ | विशेष अनुदान | नेपाल सरकार | १००००००० | एक करोड |
| ३ | समपुरक अनुदान | नेपाल सरकार | ३०००००० | तीस लाख |
| ४ | सशर्त अनुदान | प्रदेश सरकार | १४९९९००० | एक करोड उनन्चास लाख उनन्सय हजार |
| ५ | समपुरक अनुदान | प्रदेश सरकार | १८०००००० | एक करोड असी लाख |
| ६ | विशेष अनुदान | प्रदेश सरकार | ७०००००० | सत्तरी लाख |
| | **जम्मा (ख)** | | **४६३६९९०००** | छयालीस करोड छत्तीस लाख उनान्सय हजार |
| | **कूल जम्मा व्यय(क+ख)** | | **८०६८८१६६०** | असी करोड अर्सट्ठी लाख एकासी हजार छ सय साठी |